नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)
☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi
धनगढी,कैलाली

प.सं. ०७९।८०
च.नं.

मिति:-२०७९।०६।२०

**बिषय :– हार्दिक अपिल ।**

जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धि विशेष बुलेटिन अनुसार दशैं अवधिभर सामान्य भन्दा बढी पानी पर्ने र यसबाट भूक्षय लगायतका विपद्हरुबाट मानवीय तथा आर्थिक क्षति हुनसक्ने पूर्वानुमान गरे अनुसार यस जिल्लामा पनि अवरल वर्षा भईरहेको छ अतः जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरु, सुरक्षा निकायहरु, सरकारी कार्यालयहरु, रेडक्रस सोसाइटी, उद्योग बाणिज्य संघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ-संस्था, पत्रकार महासंघ तथा नागरिक समाज लगायतका सम्पूर्ण सरोकारवालाहरुलाई विपद्का बारेमा आवश्यक पूर्व सतर्कता अपनाउन, सूचना तथा जानकारी आदान-प्रदान गर्न विपद् राहत तथा उद्धार सामाग्रीहरु तयारी अवस्थामा राख्न तथा विपद् जोखिम न्यूनीकरण गरी मानवीय एवम् भौतिक क्षति हुन नदिन आवश्यक सहयोग, समन्वय गर्नु हुन अनुरोध छ। साथै जिल्लाका धेरै स्थानमा भारी बर्षा भईरहकोले खुटीया, कान्द्रा, मोहना, सुहेली, चौधर लगायतका खोलाहरुमा एक्कासी बाढी आउन सक्छ भएकोले उक्त स्थान लगायत अन्य नदी नाला तथा खोला किनार, भू-क्षय एवम् पहिरोको दृष्टिले जोखिमयुक्त स्थानको आसपास बसोबास गर्ने बासिन्दाहरुले उच्च सतर्कता अपनाउन, पानीको सतह बढेको समयमा नदी तथा खोला किनारमा दाउरा बटुल्ने, माछा मार्ने, पौडी खेल्ने जस्ता कुनै पनि कार्य नगर्न/नगराउनु हुन र विपद सम्बन्धी घटना भए आफुलाई पायक पर्ने नजिकको प्रहरी इकाई, स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा खबर गर्नु हुन अनुरोध छ ।

मिति: २०७९।०६।२०

शिवराज जोशी
प्रशासकीय अधिकृत